नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १८१ २०७८ साल फागुन ५ गते बिहीबार (17 Feb. 2022 Thursday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

मानवीय लापरबाही नै कोभिड संक्रमणको मुख्य कारण हो । सानो असावधानीले पनि महामारीको रूप लिन सक्दछ। कसैलाई सामान्य मात्र प्रभाव पार्ने सरूवा रोग कसैका लागि ज्यान लिने कारण बन्न सक्दछ । त्यसैले सचेत रहौं, स्वास्थ्य मापदण्डको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : विदेश जाने तीन चौथाइ ... ३ पृष्ठमा : खोप छानबिन प्रतिवेदन : ५६.. ३ पृष्ठमा : युक्रेनका विषयमा कूटनीतिक...

# सप्तरीका अधिकांश कार्यालयहरुमा कर्मचारीको चरम अभाव



**दैनिक समाचारदाता**
**राजविराज, ४ फागुन ।**

सप्तरी जिल्लास्थित विभिन्न सरकारी स्वामित्वका कार्यालयहरुमा दरबन्दी अनुसारको कर्मचारी नहुदा सेवा र काम प्रभावित बन्न पुगेको छ ।

कर्मचारी नहुँदा दैनिक कार्यसम्पादनमा समेत समस्या हुने गरेको छ भने सेवा लिन सेवाग्रांहीहरु कार्यालयमा घण्टौं कुर्नु पर्ने अवस्था देखिएको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा ३३ जनाको दरबन्दी रहेकोमा अहिले न्युन संख्यामा रहेका कर्मचारीका भरमा सेवा दिनुपरिरहेको प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम बताउँछन् ।

उनका अनुसार तीन जना प्रशासकिय अधिकृतको दरबन्दी रहेकोमा हाल १ जना मात्र रहेका छन् भने नायब सुब्बा २ जना र खरिदार २ जनाको पद रिक्त नै रहेको बताए । दैनिकी कार्य प्रभावित हुन थालेपछि राजविराज कारागार कार्यालयबाट एक जना अधिकृतलाई झिकाएर काम चलाउनु परेको उनले जानकारी दिए ।

प्रशासन कार्यालयमा मात्र नभई सप्तरीका अन्य अधिकांश सरकारी कार्यालयहरुमा पनि यस्तै समस्या रहेको छ । प्रजिअ गौतमले अन्य कार्यालयहरुमा पनि देखिएको कर्मचारीको अभावबारे सम्बन्धित विभाग र मन्त्रालयमा पहल गरिएको र चाडै पदपुर्ती गरिने आश्वासन पाएको बताए ।

यस्तै भुमिसुधार तथा मालपोत कार्यालयमा ३ अधिकृतको दरबन्दी रहेकोमा २

*बाँकी तीन पृष्ठमा*

# छिन्नमस्तासहित १३ स्थानीय तहले ल्याउन सकेन बजेट

**दैनिक समाचारदाता**
**राजविराज, ४ फागुन ।**

स्थानीय तहको पहिलो कार्यकाल सकिनै लाग्दा समेत सप्तरीको छिन्नमस्ता गाउँपालिकासहित १३ स्थानिय तहहरुले यो वर्षको बजेट अहिलेसम्म ल्याउन सकेका छैनन् ।

आर्थिक वर्ष २०७८/०७९ को आधा वर्ष बितिसक्दा पनि यो आर्थिक वर्षमा १३ वटा स्थानीय तहहरुले बजेट ल्याउन सकेका छैनन् । बागमती प्रदेशको एउटा र सप्तरीको छिन्नमस्तासहित मधेस प्रदेशका १२ वटा स्थानीय तहले यो आर्थिक वर्षको बजेट ल्याउन छैनन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार बागमती प्रदेशमक रामेछाप जिल्लाको लिखु तामाकोसी गाउँपालिकाले बजेट ल्याउन नसकेको हो ।

मधेस प्रदेश अन्तर्गत छिन्नमस्ता गाउँपालिका (सप्तरी), औरही गाउँपालिका (सिरहा), नरहा गाउँपालिका(सिरहा), धनौजी गाउँपालिका (धनुषा), गरुडा नगरपालिका (रौतहट), दोवाही गोनाही नगरपालिका ( रौतहट), फतुवा विजयपुर नगरपालिका (रौतहट), बौधीमाई नगरपालिका (रौतहट), वृन्दावन नगरपालिका (रौतहट), सिम्रौनगढ नगरपालिका (बारा), विश्रामपुर गाउँपालिका (बारा), पोखरिया नगरपालिका (पर्सा) ले अझै बजेट ल्याउन सकेको छैन ।

यस्तै अघिल्लो आर्थिक वर्ष २०७७/०७८ मा मधेस प्रदेशको छिन्नमस्ता गाउँपालिका ( सप्तरी), राजदेवी नगरपालिका ( रौतहट), बौधीमाया नगरपालिका (रौतहट), जगरनाथ गाउँपालिका (पर्सा) ले दुई वर्ष अगाडिको बजेट ल्याउन सकेको थिएन । यस्तै सुदूरपश्चिम प्रदेशको सुनर्या गाउँपालिका (बैतडी) ले बजेट ल्याउन नसकेको हो ।

स्थानीय तह सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ को उपदफा १ अनुसार स्थानीय तहले कार्यपालिकाबाट स्वीकृत गराई प्रत्येक असार १० गते सभामा पेश गर्नुपर्ने प्रावधान छ । दफा ६ अनुसार असार मसान्तभित्र प्रत्येक आर्थिक वर्षको बजेट पारित गर्नुपर्ने उल्लेख छ ।

राजनीतिक दल र जनप्रतिनिधिबीचको आन्तरिक किचलो, जनप्रतिनिधिहरुको गैरजिम्मेवारीपन, जनप्रतिनिधि र कर्मचारीबीचको द्वन्द्व, बजेट निर्माणमा दक्षताको अभाव लगायतका कारणले बजेट समयमै ल्याउन नसकेको नेपाल नगरपालिका संघको भनाइ छ ।




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय ....

# रंगशाला कीन उपेक्षित !

राजविराजको मुटुमा रहेको ऐतिहासिक राजरंगशाला अहिले सबै क्षेत्रबाट उपेक्षित भएको छ। जसकारण अहिले गौचरण तथा अतिजिर्ण अवस्थामा पुगेको छ। जिल्ला खेलकुद विकास समितीको मातहतमा रहे पनि यो रंगशालालाई जिर्ण अवस्थाबाट उकास्न मातहतका कार्यालय पनि आफै उदासिन छ। रंगशाला अहिले खुल्ला चौरमा परिणत भएको छ भने यो खेलकुद भन्दा बढी पशु चौपाया चर्ने थलो बन्न पुगेको छ। यति मात्र नभएर जताभावी शौच र पिसाब गर्ने शौचालयमा समेत परिणत भएको छ।

रंगशाला घेरिएको पर्खाल भत्किएको छ भने प्रवेशद्वार समेत जिर्ण बनेको छ। हाल केही निर्माणाधीन भौतिक संरचना खडा गरिएको छ जुन कहिले पूर्ण हुने भन्ने कुरामा द्वविधा रहेको छ। यस्तै दर्शक बस्ने प्यारापिट भने अतिजिर्ण अवस्था रहेपनि यसको मर्मत सम्भार गर्नेतर्फ कसैको ध्यान पुग्न सकेको छैन्। प्यारापिट जिर्ण भई कुनै पनि बेला दुर्घटना हुन सक्ने सम्भावना समेत बढेको छ।

रंगशालाको रौनक बचाउन खेलकुद विकास समिती, राजनैतिक दल, बुद्धिजिवी, खेलाडी, तथा अन्य कुनै पनि निकाय गम्भिर बन्न सकेको छैन्। तसर्थ यस्ता ऐतिहासिक खेलमैदानलाई जोगाउन सम्पूर्ण सम्बन्धित निकायको ध्यान जानु आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No.: 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विदेश जाने तीन चौथाइ कामदार 'अदक्ष'

काठमाडौँ, ४ फागुन (रासस)।

दुई वर्षअघि वैदेशिक रोजगारीका सिलसिलामा दुबई पुग्नुभएका धनुषाका ३० वर्षीय रोशन गोलेको अचानक मृत्यु भयो। राति खाना खाएर सकुशल सुत्नुभएका उहाँ बिहान अबेलासम्म नउठेपछि साथीहरू बोलाउन गए पनि उहाँको मृत्यु भइसकेको थियो। उहाँको मृत्यु भएको थाहा पाएपछि उनीहरूले तत्काल परिवारलाई खबर गरिदिए। एक महिना बितिसक्दा पनि परिवारले शव नेपाल ल्याउन निकै सास्ती बेहोर्नुपर्‍यो। सेक्युरिटी गार्ड उहाँमा पहिले कुनै पनि स्वास्थ्य समस्या नभएको परिवारको जिकिर छ। शव ल्याउन त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल पुग्नुभएका मृतकका पिता नरबहादुरले भन्नुभयो, "यति छिट्टै छोराले छाडेर जाला भनेर हामीले कल्पना पनि गरेका थिएनौँ।"

छोराको मृत्युले सिङ्गो परिवार धान्ने खम्बा नै ढलेको उहाँ बताउनुहुन्छ। मृतक गोलेका परिवारमा बुवा, आमा, श्रीमती, दुई छोरी र एक छोरा छन्। रोशनको मृत्युसँगै पिता नरबहादुरलाई १०, पाँच र तीन वर्षका नातिनातिनाको शिक्षादीक्षाको चिन्ता त छ नै, साहुसँग लिएको रु पाँच लाख ऋण कसरी तिर्ने भन्ने चिन्ताले समेत सताउन थालेको छ। छोरा विदेशमा हुँदा खासै राम्रो कमाइ नभएकाले पहिलेदेखि नै साहुसँग लिएको ऋण तिर्न नसकेको उहाँको भनाइ छ।

**क्षतिपूर्तिमा बिचौलियाको दबदबा**

वैदेशिक रोजगारीका क्रममा चार वर्ष अगाडि दुबईमा मृत्यु भएका धनुषाका शैलेश चौधरीको परिवारलाई वैदेशिक रोजगार बोर्डमार्फत उपलब्ध क्षतिपूर्तिले निकै राहत मिल्यो। सडक दुर्घटनामा परी घाइते भएका चौधरीको उपचारका क्रममा त्यहीं मृत्यु भएको थियो। पाँच महिनापछि मात्र उहाँको शव नेपाल ल्याइएको थियो।

मृतकको परिवारले बोर्डमार्फत उपलब्ध गराउँदै आएको क्षतिपूर्तिका लागि गाउँकै पदम भनिने पिन्टु साहमार्फत आवेदन दिएको थियो। आवेदन दिएको एक हप्तामै पीडित परिवारले क्षतिपूर्तिस्वरुप रु पाँच लाख पाएको थियो। सो रकमबाट साहुसँग लिएको रु चार लाख कर्जा चुक्ता गरिएको मृतककी श्रीमती जयन्ती साह बताउनुहुन्छ। बाँकी रकमबाट केही समय परिवार चलेको उहाँले सुनाउनुभयो। हाल उहाँले ज्याला मजदुरी गरेर पाँच जनाको परिवार धान्दै आउनुभएको छ।

बोर्डले भने मृतकका परिवारलाई क्षतिपूर्तिबापत रु सात लाख उपलब्ध गराउँदै आए पनि उहाँ सो विषयमा अनभिज्ञ देखिनुहुन्छ। यसरी हेर्दा पिण्टुले क्षतिपूर्ति लिन बिचौलियाको भूमिका खेलेर साहको परिवारसँग रु दुई लाख ठगी गरेको देखिन्छ।

**मृत्युको हिसाबकिताब**

पछिल्लो समय वैदेशिक रोजगारीका क्रममा विभिन्न देशमा नेपालीको मृत्युको घटना बढ्न थालेको छ। वैदेशिक रोजगार बोर्डको तथ्याङ्कानुसार आर्थिक वर्ष २०७५/०७६ मा वैदेशिक रोजगारीका क्रममा पुरुष ३२१ र महिला १२ ले ज्यान गुमाएका थिए। मृतकमध्ये काठमाडौँ जिल्लाका कामदार सबैभन्दा बढी थिए।

आव २०७६/०७७ मा अघिल्लो वर्षका तुलनामा मृतक दोब्बरभन्दा बढी थिए। सो वर्ष पुरुष ६६५ र महिला १४ जनाले ज्यान गुमाएका थिए। सो आवमा पनि सबैभन्दा बढी काठमाडौँका कामदारले ज्यान गुमाएका थिए। आव २०७७/७८ मा पुरुष एक हजार २१३ र महिला २९ जनाको मृत्यु भएको थियो।

रोजगार बोर्डले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमार्फत मृतकको घरसम्म शव ढुवानी गर्दै आएको छ। बोर्डको शव ढुवानी तथ्याङ्कानुसार वैदेशिक रोजगारीका क्रममा हालसम्म सबैभन्दा बढी मलेसियामा नेपाली कामदारले ज्यान गुमाएका छन्। आव २०७५/७६ मा मलेसियामा २८२, कतारमा १३४, साउदी अरेबियामा २०६, संयुक्त अरब इमिरेट्समा ७९, कुवेतमा ३३, दक्षिण कोरियामा २०, बहराइनमा ११, ओमानमा नौ, जोर्डनमा तीन, माल्दिभ्समा दुई तथा बङ्गलादेश र पोर्चुगलमा एक/एक जनाले ज्यान गुमाएका थिए। तिनमा पुरुष ७६५ र महिला १७ को मृत्यु भएको थियो।

त्यस्तै आव २०७६/७७ मा मलेसियामा २१९, साउदी अरबमा १८, कतारमा १०७, युएईमा ९७, कुवेतमा ४२, ओमानमा छ तथा अफगानिस्तान र साइप्रसमा दुईदुई जनाले ज्यान गुमाए। यसैगरी इजराइल, ब्रुनाइ, इराक, पोल्याण्ड, पोर्चुगल, रुस र अफगानिस्तानमा एक/एक जनाले ज्यान गुमाएका थिए। तिनमा पुरुष ६६५ र महिला १४ जनाको मृत्यु भएको थियो।

आव २०७७/७८ मा माल्दिभ्सका सबैभन्दा बढी कामदारको शव ढुवानी गरिएको पाइएको छ। शव ढुवानीको तथ्याङ्कानुसार माल्दिभ्सका २४१, साउदी अरेबियाका २२७, कतारका १३८, युएईका ९२, मलेसियाका ६०, दक्षिण कोरियाका छ तथा ओमन र रोमानियाका दुई/दुई जना छन्। त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट घरसम्म पुर्‍याउँदाको सम्पूर्ण खर्चको व्यवस्था बोर्डले नै गर्दै आएको महानिर्देशक श्रेष्ठले जानकारी दिनुभयो।

**मृत्युका कारण लापरबाही**

बोर्डको तथ्याङ्कानुसार वैदेशिक रोजगारीका क्रममा सबैभन्दा बढी कामदारकै लापरबाहीका कारण निधन हुने गरेको पाइएको छ। धेरैजसो कामदारको मृत्यु हुनाका कारणमा कामबाट फर्कनेबित्तिकै एसी चलाउने, चिसो पानी पिउने, चिसो पानीले नुहाउने र राति सुत्ने बेलामा अत्यधिक मदिरा सेवन गर्ने जस्ता गतिविधि भएको श्रेष्ठको भनाइ छ।

बोर्डको तथ्याङ्कानुसार आव २०७७/७८ मा प्राकृतिक कारणबाट ३४.३८, आत्महत्याबाट १९.९७, सडकमा दुर्घटनाबाट १३.७७, हृदयाघातबाट ११.२७ र कार्यस्थलमा दुर्घटनाबाट ९.५८ प्रतिशतको मृत्यु भएको थियो। यस्तै ८.३७ प्रतिशतको भने मृत्युको कारणबारे अनुसन्धान हुनै बाँकी छ। यस्तै २.०९ प्रतिशतको भने हत्या भएको पाइएको छ। रोगका कारण ०.१६ र अन्य कारणबाट ०.४० प्रतिशतको मृत्यु हुने गरेको पाइएको छ।

मृत्यु हुनेमा धेरैजसो व्यक्तिगत रुपमा जाने नेपाली कामदार पाइएको श्रेष्ठले बताउनुभयो। व्यक्तिगत रुपमा नेपाली कामदारलाई वैदेशिक रोजगारीका लागि जानका निरुत्साहन गर्न बोर्डले पूर्वप्रस्थान अभिमुखीकरण र सीप विकास तालिम पनि उपलब्ध गराउँदै आएको जनाइएको छ।

**तालिम**

रोजगार बोर्डले वैदेशिक रोजगारीमा जानुपूर्व नेपाली श्रमिकलाई गन्तव्य मुलुकका बारेमा अभिमुखीकरण दिँदै आएको छ। सो तालिममा गन्तव्य मुलुकको भाषासमेत सिकाइने गरेको छ। तालिमबाट वैदेशिक रोजगारीमा जाने कामदारलाई सो देशको संस्कृति, रहनसहन र कामका प्रकृतिका बारेमा जान्न निकै सहज हुने उहाँको भनाइ छ। तालिममा वैदेशिक रोजगारीका क्रममा हुने तनाव कसरी व्यवस्थापन गर्ने, विदेशमा कसरी सुरक्षित हुने लगायत कुरा पनि सिकाइने जनाइएको छ।

यस्तै वैदेशिक रोजगारीमा जानुपूर्व लिएको सीप विकास तालिमबाट कामदारलाई वैधानिक रुपबाट जान अभिप्रेरित गर्दै आएको श्रेष्ठको भनाइ छ। सीप विकास तालिमका लागि बोर्डले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्(सिटिइभिटी)सँग समन्वयसमेत गरेको जनाइएको छ। तालिमपछि कतिपय युवा स्वदेशभित्रै स्वरोजगार भएर बसेको थाहा भएको छ। हाल सिटिइभिटीले देशभर १९ शैक्षिक संस्थामार्फत दैनिक ५३ तालिम दिँदै आएको छ।

**मृतकका परिवारलाई क्षतिपूर्ति**

वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका प्रतिकामदारका परिवारलाई रोजगार बोर्डले क्षतिपूर्तिस्वरुप रु सात लाख राहत उपलब्ध गराउँदै आएको छ। बोर्डले आव २०७५/७६ मा ७५३ परिवारलाई क्षतिपूर्ति उपलब्ध गराएको थियो।

त्यस्तै आव २०७६/७७ मा ६५५ परिवारलाई क्षतिपूर्ति उपलब्ध गराएको थियो। यस्तै आव २०७७/७८ मा भने सबैभन्दा धेरै परिवारलाई बोर्डले क्षतिपूर्ति उपलब्ध गराएको थियो। गत आवमा एक हजार २४३ परिवारलाई राहत उपलब्ध गराइएको बोर्डले जनाएको छ। कोभिड -१९ सङ्क्रमणका कारण वैदेशिक रोजगारीका क्रममा धेरै नेपाली कामदारको मृत्यु भएकाले गत वर्ष क्षतिपूर्तिका लागि बोर्डमार्फत सबैभन्दा धेरै परिवारले क्षतिपूर्ति बुझेका हुन्।

**क्षतिपूर्ति वितरण अनियमिततामा सुधार**

बोर्डले क्षतिपूर्तिका लागि अनलाइन प्रणालीको व्यवस्था र मृतकका परिवारलाई सिधै बैंक खातामा क्षतिपूर्ति बापतको रकम उपलब्ध गराउन थालेपछि बिचौलियाको दबदबा हटेको पाइएको छ। बैंक खातामा रकम उपलब्ध नगराउँदासम्म पीडित परिवार थप पीडामा पर्ने गरेकाले यस्तो व्यवस्था गरिएको बोर्डका महानिर्देशक राजेन्द्र श्रेष्ठले बताउनुभयो। सो कुरालाई ध्यानमा राखी आफू बोर्डमा नियुक्त हुनेबित्तिकै क्षतिपूर्तिका लागि काठमाडौँसम्म धाउनुपर्ने बाध्यता हटाउन स्थानीय निकायमार्फत निवेदन दिने व्यवस्था गरिएको उहाँको भनाइ छ।

पीडित परिवारसम्म क्षतिपूर्तिलगायत बोर्डले उपलब्ध गराउँदै आएको सेवासुविधाबारे रेडियो, टेलिभिजन, वेबसाइट, फेसबुक पेजलगायत माध्यमबाट सूचना प्रवाह गरिएको बोर्डका महानिर्देशक श्रेष्ठले जानकारी दिनुभयो।

**छोराछोरीलाई छात्रवृत्ति**

बोर्डले वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका कामदारका छोराछोरीलाई छात्रवृत्तिसमेत उपलब्ध गराउँदै आएको छ। वैदेशिक रोजगारीका क्रममा अभिभावकको मृत्युपछि सन्तानको भविष्य नबिग्रियोस् र निरन्तर पढ्न पाऊन् भन्ने उद्देश्यका साथ बोर्डले छात्रवृत्ति दिन थालेको महानिर्देशक श्रेष्ठले जानकारी दिनुभयो।

बोर्डको तथ्याङ्कानुसार आव २०७५/०७६ मा एक हजार ४३८ मृतक कामदारका छोराछोरीलाई छात्रवृत्ति उपलब्ध गराइएको थियो। यस्तै आव २०७६/०७७ मा एक हजार ७०२ र आव २०७७/०७८ मा दुई हजार २०२ त्यस्ता बालबालिकालाई छात्रवृत्ति उपलब्ध गराइएको थियो। बालबालिकालाई वार्षिक रु आठ हजारदेखि रु १२ हजारसम्म छात्रवृत्ति उपलब्ध गराइएको छ।

**बिरामीलाई सहायता**

बोर्डले वैदेशिक रोजगारीका क्रममा अङ्गभङ्ग भएका तथा गम्भीर बिरामीलाई समेत आर्थिक सहायता उपलब्ध गराउँदै आएको छ। आव २०७५/०७६ मा ३०५ जनालाई आर्थिक सहायता उपलब्ध गराइएको थियो। यस्तै आव २०७६/०७७ मा २४५ र आव २०७७/०७८ मा १४३ जनालाई आर्थिक सहायता वितरण गरिएको थियो। कोरोना सङ्क्रमणका कारण गत आवमा आर्थिक सहायताका लागि थोरै मात्र निवेदन आएको बोर्डले जनाएको छ। त्यस्ता कामदारलाई रोगको प्रकृति हेरेर रु ४० हजारदेखि दुई लाखसम्म उपलब्ध गराइएको बताइएको छ।

**अलपत्र कामदारको उद्धार**

बोर्डले वैदेशिक रोजगारका क्रममा अलपत्र नेपाली कामदारको उद्धारसमेत गर्दै आएको छ। बोर्डमार्फत आव २०७५/०७६ मा विभिन्न देशमा अलपत्र ४४ कामदारको उद्धारका लागि नियोगमार्फत पत्राचार गर्नाका साथै उद्धारका लागि आवश्यक रकमसमेत उपलब्ध गराइएको थियो।

यस्तै आव २०७६/०७७ मा ६२ कामदारको उद्धारका लागि पत्राचार गरिएको थियो। आव २०७७/०७८ मा ४१३ कामदारको उद्धारका लागि पत्राचार गर्नाका साथै उद्धारका लागि रु दुई करोड ४४ लाख २५ हजार ३२७ खर्च गरिएको थियो। कोभिडका कारण गत आवमा सबैभन्दा बढी कामदारको उद्धार गरिएको बोर्डले बताएको छ।

**सहयोग धेरैः अनुगमन शून्य**

रोजगार बोर्डले वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका परिवारलाई आर्थिक सहयोग, मृतकका छोराछोरीलाई छात्रवृत्तिको व्यवस्था, वैदेशिक रोजगारका क्रममा अङ्गभङ्ग भएका तथा गम्भीर रोग लागेका श्रमिकलाई अर्बौं आर्थिक सहयोग गर्दै आए पनि सोको सदुपयोग भए -नभएको अनुगमन भने हालसम्म गरेको पाइएको छैन।

बोर्डको तथ्याङ्कानुसार आव २०७५/०७६ मा वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका

*बाँकी तीन पृष्ठमा*

# खोप छानबिन प्रतिवेदन : ५६ हजार ९०८ मात्रा खोप खेर

काठमाडौँ, ४ फागुन (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गठन गरेको कोभिड–१९ विरुद्ध खोप छानबिन समितिले ५६ हजार ९०८ मात्रा खोप खेर गएको जनाएको छ । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडालाई समितिका संयोजक डा गुणराज लोहनीले बुझाएको प्रतिवेदनमा माघ २१ गतेसम्म ५६ हजार ९०८ मात्रा खोप खेर गएको उल्लेख छ ।

मन्त्री खतिवडालाई सोमबार समितिले प्रतिवेदन बुझाएको थियो । प्रतिवेदन बुझाएपछि बुधबार मात्र सार्वजनिक गरिएको थियो । समितिले तयार पारेको प्रतिवेदनमा चार करोड ५७ लाख आठ हजार ६४० मात्रा खोप हालसम्म प्राप्त भएको जनाइएको छ । यस्तै तीन करोड ३८ लाख २६ हजार ३३० मात्रा खोप लगाइएको र एक करोड २३ लाख ३७ हजार ६६५ खोप मौज्दात रहेको उल्लेख गरिएको छ ।

प्रतिवेदनमा सबै विवरणलाई विश्लेषण गर्दा चार लाख ५५ हजार ३५५ मात्रा खोप बढी भएको देखिएको उल्लेख छ । कोरोनाविरुद्धको खोप छानबिन समितिको प्रतिवेदनअनुसार खोप अभियानलाई पूर्णरूपमा व्यवस्थित गर्न नसकिएको बताइएको छ ।

यस्तै प्रतिवेदनमा कोभिडविरुद्धको खोप निःशुल्क भएबापत केही व्यक्तिले पैसा लिएको गुनासो आएको प्रतिवेदनमा उल्लेख छ । यसको छानबिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरिरहेको बताइएको छ । खोप अभियान कार्यक्रममा लक्षित अभियान भन्दाबाहेकका व्यक्तिले पनि लगाएको प्रतिवेदनले जनाएको छ ।

"बुष्टर डोज लगाउनेसम्बन्धी आधिकारिक निर्णय नहुँदै पहिले खोप लगाइसकेका व्यक्तिले पहिलो खोप पनि बुष्टर लगाएको देखिन्छ", प्रतिवेदनमा भनिएको छ । विभिन्न स्थानमा गरिएको स्थलगत अवलोकन अन्तर्क्रिया र सन्दर्भ सामग्रीको अध्ययन गर्दा १० मात्राको भायलमा ११ जना मानिसलाई समेत खोप लगाएको देखिएको छ ।

प्रतिवेदनमा केही जिल्ला तथा स्थानीय तहमा हस्तान्तरण फाराम मौज्दात र खोप लगाएको विवरणको अभिलेख नियमित र पूर्णरूपमा अद्यावधिक हुन नसकेको, खोप दिने स्वास्थ्य संस्थाले खोप कभरेजको अभिलेख राख्न रजिष्टरको पूर्णरूपमा प्रयोग नगरेको उल्लेख छ । प्रतिवेदनमा सात प्रदेश, ७७ जिल्ला र ७४४ स्थानीय तहले मात्र खोपको विवरण उपलब्ध गराएका छन् ।

### *विदेश जाने तीन ...*

परिवारलाई रु ५२ करोड ७१ लाख, त्यस्ता कामदारका छोराछोरीलाई रु एक करोड ४८ लाख ६५ हजार, अङ्गभङ्ग तथा गम्भीर बिरामी कामदारलाई रु नौ लाख १४ हजार ५७ हजार आर्थिक सहयोग, विदेशमा अलपत्र परेका शव झिकाउन रु ७५ लाख ५८ हजार, कामदारको परिवारलाई वितरण गरिने स्वास्थ्योपचार खर्च रु १२ लाख १५ हजार र कामदारको शव निजको घरसम्म पुऱ्याउन रु १५ लाख ७६ हजार विनियोजन गरिएको थियो ।

त्यसैगरी आव २०७६/०७७ मा त्यस्ता कामदारका परिवारलाई क्षतिपूर्तिबापत रु ४५ करोड ८५ लाख उपलब्ध गराइएको थियो । बोर्डले कल्याणकारी कार्यका लागि रु ५६ करोड ८४ लाख २४ हजार खर्च गरेको थियो । सो वर्ष कोभिडका कारण बोर्डले गर्ने धेरै काम रोकिएका थिए ।

यस्तै आव २०७७/०७८ मा वैदेशिक रोजगारीका क्रममा अङ्गभङ्ग तथा गम्भीर रोग लागेका १४३ कामदारलाई आर्थिक सहायता गरिएको थियो । त्यस्तै श्रमिकको शव व्यवस्थापनका लागि रु ९९ लाख ५५ हजार नौ सय, तिनका परिवारको स्वास्थ्योपचारका लागि रु दुई लाख ५० हजार र वैदेशिक रोजगार छात्रवृत्तिका लागि रु २० करोड ८ लाख ८२ हजार खर्च गरिएको थियो ।

स्थानीय तह ऐनानुसार सोको अनुगमनको जिम्मेवारी स्थानीय सरकारको नै भएको बोर्डका महानिर्देशक श्रेष्ठ बताउनुहुन्छ । वैदेशिक रोजगारीका क्रममा मृतकका परिवारलाई क्षतिपूर्तिका लागि सिफारिस गर्ने कामबाहेक हालसम्म स्थानीय तहले कुनै पनि काम नगरेको उहाँले बताउनुभयो । अनुगमनलगायत काम भने बोर्डबाट गर्न सम्भव नहुने उहाँको स्वीकारोक्ति छ ।

**सबैभन्दा बढी अदक्ष कामदार**

वैदेशिक रोजगार विभागको तथ्याङ्कानुसार नेपालबाट सबैभन्दा बढी अदक्ष कामदार खाडी मुलुकमा जाने गरेको पाइएको छ । हालसम्म नेपालबाट ७४ प्रतिशत अदक्ष कामदार विभिन्न गन्तव्य मुलुकमा गएका छन् । त्यस्तै अर्धदक्ष दुई र दक्ष एकदेखि दुई प्रतिशत मात्र गएको विभागले जनाएको छ । बाँकी जनशक्ति विकसित मुलुकमा गएको विभागका सूचना अधिकारी कृष्णप्रसाद भुसालले बताउनुभयो ।

बोर्डको तथ्याङ्कानुसार आव २०७५/०७६ मा दुई लाख आठ हजार ३५२ नेपाली कामदारले वैदेशिक रोजगारीका लागि १३६ मुलुकका निम्ति श्रम स्वीकृति लिएका थिए । तीमध्ये उच्च क्षमताका २१०, व्यावसायिक ७८७, अर्धदक्ष ४२ हजार ७८४, दक्ष एक लाख ७९ हजार ६०१ र अदक्ष दुई लाख ८५ हजार ४४५ जनाले श्रम स्वीकृति लिएका थिए ।

यस्तै आव २०७६/०७७ मा १९ लाख ४५३ जनाले १२७ गन्तव्य मुलुकका लागि र आव २०७७/०७८ मा ७२ हजार ८१ जनाले ११६ गन्तव्य मुलुकका लागि श्रम स्वीकृति लिएका थिए । गत आवमा उच्च क्षमताका ६१, व्यावसायिक २४६, अर्धदक्ष १५ हजार ५८३, दक्ष ७० हजार ४२६ र अदक्ष ८० हजार ३८२ जनाले श्रम स्वीकृति लिएका थिए । चालु आव २०७७/७८ को तथ्याङ्क हेर्दा साउनमा १३ हजार आठ सय, भदौमा २२ हजार ६०८, असोजमा २६ हजार ९१, कात्तिकमा २७ हजार ७०९, मङ्सिरमा ३१ हजार ३१ र पुसमा ६५ हजार १६० जनाले विभागबाट श्रम स्वीकृति लिएका छन् ।

### *सप्तरीका अधिकांश ...*

पद रिक्त नै छ । यस्तै सो कार्यालयमा २ जना नासु र २ प्रमुख मालपोत अधिकृतको पद पनि रिक्त नै रहदा उपलब्ध जनशक्तिबाटै जसोतसो काम चलाउनु परेको कार्यालय प्रमुख दिपेन्द्र झाको भनाइ छ ।

यसैगरि सरकारी स्वामित्वको दुरसंचार सेवा प्रदायक नेपाल टेलिकमको पनि आधा दर्जन पद लामो समय देखी रिक्त नै छ । टेलिकम राजविराज शाखाका बरिष्ठ इन्जिनीयर एवं कार्यालय प्रमुख मो.हसन अंसारीका अनुसार १ ईन्जीनीयर १ प्राविधिक र १ व्यापार अधिकृतको पद लामो समय देखी रिक्त छ । ३ सहायक लेखा अधिकृतको दरबन्दी रहेकोमा २ पद रिक्त नै छ ।

उनका अनुसार टेलीकमको मातहतमा रहेको हनुमाननगर र कल्याणपुर उपशाखामा प्राविधीक सहित ६/६ जना कर्मचारीको दरबन्दी रहेपनि दुबै शाखामा ४/४ पद रिक्त भई २/२ जनाबाट मात्र काम चलाउनु परेको छ ।

जिल्लाको सरकारी गजेन्द्र नारायण सिह अस्पतालमा पनि विगत २ वर्ष देखी मेडिकल सुपरिटेण्डेन्टको अभाव छ । सो को पद पुर्ती हुन नसक्दा हाल सम्म निमित्त मेडिकल सुपरिटेण्डेण्टकै भरमा अस्पतालको प्रशासन चलिरहेको छ । यता जिल्लाका अधिकांश स्थानीय तह पनि कर्मचारीको अभाव झेलिरहेको छ ।


कन्चनरूप नगरपालिका
कन्चनरूप नगरपालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश

**पौडाखोला, बान्द्राखोला, सुन्दरीखोला र महुली खोलाको ढुङ्गा, गिट्टी र बालुवाको दिगो उत्खनन सङ्कलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मिति : 2078/11/5)

कन्चनरूप नगरपालिकाद्वारा प्रदेश नं. २, सप्तरी जिल्ला, कन्चनरूप नगरपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | | |
|---|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **कन्चनरूप नगरपालिका**<br>कन्चनरूप नगरपालिकाको कार्यालय, कञ्चनरूप,सप्तरी, मधेश प्रदेश<br>ई-मेल: kanchanrupmunicipality@gmail.com; फोननं.:०३–५६०११४ | |
| प्रस्तावको व्यहोरा | कन्चनरूप नगरपालिकाअन्तर्गत पौडाखोला, बान्द्राखोला, सुन्दरी खोला र महुली खोलाको ढुङ्गा, गिट्टी र बालुवाको दिगो उत्खनन सङ्कलन कार्य | |
| | सङ्कलन उत्खनन् क्षेत्र | पौडा खोला, बान्द्रा खोला, सुन्दरी खोला र महुली खोलाको विभिन्न तोकिएका क्षेत्रहरु |
| | प्रस्तावित क्षेत्रमा जाने पहुँचमार्ग | महेन्द्र राजमार्ग (काठमाडौँ- सिन्धुली- खुर्कोट- भिमाङ्ग- सप्तरी), ३१५ कि.मि. |
| | दैनिक संकलन | ७८३.३१ घ.मि. |
| | वार्षिक संकलन | ९४५९५.४४ घ.मि. |
| | सङ्कलन उत्खनन् गरिने सामाग्रीहरू | प्रचलित कानूनमा भएको व्यवस्था बमोजिमका मेसिन तथा औजार प्रयोग गरि ढुङ्गा, गिट्टी, तथा बालुवाको उत्खनन् संकलन गरिनेछ । |
| | सङ्कलन उत्खनन् गरिने अवधि | असार, साउन र भदौ महिना बाहेक अरु महिनामा (२४० दिन) |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | सप्तरी जिल्लाको कन्चनरूप नगरपालिका, वडा नं. ३, ६, ७, ११ र १२ | |

माथि उल्लिखत प्रस्तावको वातावरणीय परीक्षणका क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्छ भनी यकिन गर्न सो स्थानको कन्चनरूप नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले प्रस्तावकको ठेगनामा आईपुग्ने गरीयो सार्वजानिक सूचना प्रकाशन भएको मितिले सात(७) दिनभित्र लिखित राय सुझाव उपलव्ध गराईदिनु हुनयसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| **कन्चनरूप नगरपालिका**<br>कन्चनरूप नगरपालिकाको कार्यालय<br>कञ्चनरूप, सप्तरी, मधेश प्रदेश<br>ई-मेल: kanchanrupmunicipality@gmail.com<br>फोननं.:०३–५६०११४ | **ॐ कन्सल्टेन्ट**<br>बानेश्वर, काठमाडौँ<br>ई-मेल: omconsultant2063@gmail.com;<br>फोन नं९८०८१५५७७१ : |


## विश्व समाचार

### युक्रेनका विषयमा कूटनीतिक समाधान खोजेको अमेरिकी राष्ट्रपतिको भनाइ

वासिङ्टन, ४ फागुन (रासस/सिन्ह्वा) ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेनमा रुसको सम्भावित हमलाको विषयमा अमेरिकाले कूटनीतिक समाधान खोजेको स्पष्ट गर्नुभएको छ ।

उहाँले अझै पनि रुसले युक्रेनमा हमला गर्ने सम्भावना नटरेको बताउनुभयो । उहाँले भन्नुभएको छ कि हमलाको सम्भावना अझै उच्च रहेको छ र यदि त्यसो भएमा रुसले निकै ठूलो मानवीय मूल्य चुकाउनुपर्ने हुनसक्छ ।

मंगलबार टेलिभिजनमा प्रसारित सम्बोधनमा उहाँले यदि रुसले युक्रेनमा हमला गरयो र त्यस्तो मानवीय क्षतिको अवस्था आयो भने त्यसका लागि जवाफ दिन अमेरिका तयार रहेको चेतावनी पनि दिनुभएको थियो ।

राष्ट्रपति बाइडनले अहिले पनि युक्रेनतर्फको सीमामा रुसले डेढ लाखजति सैनिक तैनाथ गरेको जानकारी दिनुभएको छ ।

उता रुसले भने आफ्ना केही सैनिक फर्कन थालेको घोषणा गरेको छ । तर पनि त्यसमा सत्यता नरहेको अमेरिकी राष्ट्रपति बाइडेनको भनाइ छ ।

बाइडनले युक्रेनको सीमाबाट रुसी फौज फिर्तीको खबरलाई अमेरिकाले अझै पुष्टि नगरेको पनि सो सम्बोधनमा बताउनुभयो ।

राष्ट्रपति बाइडेनले आफ्ना सत्रु रुसी नागरिक नभएको स्पष्ट गर्दै तर हमलाको अवस्था आएमा प्रतिबन्ध लगाउन आफू तयार भएर बसेको धारणा राख्नुभयो ।

### भारतमा ३० हजारभन्दा बढी नयाँ संक्रमित

नयाँदिल्ली, ४ फागुन (रासस/सिन्ह्वा) ।

भारतमा पछिल्लो २४ घण्टामा ३० हजार ६१५ कोरोनाका नयाँ सङ्क्रमित थपिएका सरकारी अधिकारीले बुधबार बिहान जानकारी दिएका छन् ।

यसैसँगै भारतमा कोरोना सङ्क्रमण शुरुभएयता हालसम्म चार करोड २७ लाख २३ हजार ५५८ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले बुधबार जनाएको छ ।

सोही अवधिमा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या भने ८२ हजार ९८८ रहेको छ । एउटै अवधिमा कोरोनाभाइरसबाट नयाँ सङ्क्रमित भएकाको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमितको सङ्ख्या घट्दै गएको छ । भारतमा कोरोनाका चार करोड १८ लाख ४३ हजार ४४६ सङ्क्रमण मुक्त भएका छन् ।

अधिकारीका अनुसार, भारतमा अहिले कोरोनाभाइरसबाट सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या तीन लाख ७० हजार २४० रहेको छ ।

कोरोनाभाइरसका कारण भारतमा पछिल्लो एक दिनमा ५१४ को मृत्यु भएको पनि मन्त्रालयका अधिकारीले जनाएका छन । यससँगै भारतमा कोरोना सङ्क्रमणको कारण हालसम्म पाँच लाख नौ हजार ८२७ जनाको मृत्यु भइसकेको समाचारमा जनाइएको छ ।

### गायक–सङ्गीतकार बप्पी लाहिरीको निधन

(महाराष्ट्र) मुम्बइ, ४ फागुन (रासस/एएनआई) ।

दिग्गज गायक–सङ्गीतकार बप्पी लाहिरी मंगलबार राति निधन भएको छ । प्रयाख्त अभिनेत्री र राजनीतिज्ञ हेमा मालिनीले उहाँको निधनमा ट्विटरमर्फत शोक व्यक्त गर्नुभएको छ ।

मंगलबार राति ११:४५ मा निधन भएका चर्चित गायक तथा सङ्गीतकार बप्पी लाहिरीप्रति राजनीतिक क्षेत्रका नेताले भावपूर्ण श्रद्धाञ्जलि अर्पण गरेका छन् ।

बप्पी लाहिरीलाई बप्पी दा भनेर चिनिन्थ्यो । उहाँ डिस्को सङ्गीतको लागि प्रख्यात हुनुहुन्थ्यो । बप्पी लाहिरीको ६९ वर्षको उमेरमा हिजो राति मुम्बइको एक अस्पतालमा निधन भएको थियो ।

पश्चिम बंगालका गभर्नर जगदीप धनखरले बप्पी दाको मनमोहक सांगीतिक रचना सबैले मन पराएका बताउनुभएको छ । "दुःखको खबर - प्रसिद्ध संगीतकार बप्पी लाहिरीजी अब रहनुभएन ।

पश्चिम बंगालको जलपाइगुडीमा जन्मनुभएका बप्पी दाको सङ्गीतले सम्पूर्ण फ्यानलाई छक्क पारेको थियो । उहाँलाई सबै उमेरका मानिसले मन पराउने मंत्रमुग्ध साङ्गीतिक रचनाको लागि सम्झिरहनेछ । परिवारजनमा समवेदना र ओम शान्ति ओम," उहाँले ट्वीट गर्नु भएको छ ।

विभिन्न स्वास्थ्य समस्याका कारण एक महिनादेखि अस्पतालमा भर्ना हुनुभएका बप्पी दाको 'स्लीप एपनिया'का कारण उनको निधन भएको बताइएको छ । 'डिस्को किङ' बप्पी दाको बिहीबार अन्त्येष्टि गरिने जनाइएको छ ।

# राष्ट्रिय सहमतिमा एमसीसी अगाडी बढाउनुपर्ने माओवादीको निष्कर्ष

काठमाडौँ, ४ फागुन (रासस)।

सत्तासाझेदार नेकपा ( माओवादी केन्द्र)ले यथास्थितिमा एमसिसी सम्झौता संसद्मा टेबल गरिए विपक्षमा मतदान गर्ने निर्णय गरेको छ।

पार्टी अध्यक्ष एवं संसदीय दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बुधबार सिंहदरबारमा बसेको संसदीय दलको बैठकले एमसिसी सम्झौतामा रहेका असमान सर्त तथा राष्ट्रिय हित प्रतिकूलका प्रावधान परिमार्जन नभई पक्षमा मतदान गर्न नसकिने निर्णय गरेको हो।

"एमसिसी सम्झौता यथास्थितिमा अगाडि बढाउन सकिँदैन, पास गर्न सकिँदैन। जबर्जस्ती एमसिसी टेबल गरिए त्यसको विपक्षमा मतदान गर्ने निर्णय भएको छ," बैठकपछि माओवादीका प्रमुख सचेतक देवप्रसाद गुरुङले भन्नुभयो।

बैठकले एमसिसीमा रहेका राष्ट्रिय हित अनुकूलका प्रावधान संशोधन नगरी यसलाई अगाडि बढाउन नसकिने निष्कर्षसमेत निकालेको छ। "अहिले विपक्षी पार्टीले संसद् अवरोध गरिरहेको अवस्था छ। सदन सञ्चालन गर्न जोड दिने, सदन सञ्चालन नगरी कुनै पनि एजेन्डा अगाडि बढ्न नसक्ने माओवादीको निष्कर्ष छ," उहाँले भन्नुभयो।

बैठकले सदन सञ्चालन गर्न विपक्षी नेकपा (एमाले)सँग पनि आग्रह गर्ने निर्णयसमेत गरेको छ। राष्ट्रिय सहमति जुटाएर मात्र एमसिसी सम्झौतालाई अगाडि बढाउनुपर्ने निष्कर्ष माओवादी बैठकले निकालेको छ।

"राष्ट्रिय सहमतिबिना एमसिसी अगाडि बढ्न सक्दैन, गठबन्धनमा रहेका दलहरुका बीचमा सहमति हुनुपर्छ, दलहरुका बीचमा सहमति नभई यो अगाडि बढ्न सक्दैन," प्रमुख सचेतक गुरुङले भन्नुभयो।

उहाँले पाँच दलीय गठबन्धनको निर्णयबिना सरकार एक्लै अगाडि बढ्ने अवस्था हुँदैन भन्दै सरकारले गठबन्धन तोडेर जबर्जस्ती गरेको अवस्थामा सरकारमा रहने सम्भावना नरहने बताउनुभयो।

# आतंक मचाउने साँढेलाई स्थानान्तरण गर्न माँग

**दैनिक समाचारदाता**
**राजविराज, ४ फागुन।**

सप्तरीको विष्णुपुर गाउँपालिका १ मा साँढे आतंकबाट पीडित भएको भन्दै स्थानीयहरुले जिल्ला प्रशासन कार्यालयलाई ज्ञापन पत्र बुझाएका छन्।

स्थानीयले संयुक्त हस्ताक्षर गरेर वडाअध्यक्ष इब्राहिम मंसुरी मार्फत बुधवार प्रमुख जिल्ला अधिकारी जर्नादन गौतमलाई ज्ञापनपत्र बुझाएका हुन्।

ज्ञापन पत्र मार्फत आतंक मचाउने साँढेलाई स्थानान्तरण गरिदिनु पर्ने माग गरिएको छ। उनले स्थानीयवासीको पीडालाई बुझी आफुले उक्त साँढेको उचित व्यवस्थापनका लागी पहल गर्ने आश्वासन दिएका थिए।

उनले तत्कालै पशु कार्यालय,प्रहरी,स्थानीय तहका प्रमुख र कोशी टप्पु बन्य जन्तु आरक्ष प्रशासनका प्रमुखसंग फोन सम्पर्क गरी उक्त साँढेलाई कसरी व्यवस्थापन गर्ने बारे छलफल गरेका छन्।

वडाअध्यक्ष मंसुरीले विगत केही दिन यता गाउँमा कृषिजन्य वस्तु, खाद्यान्य, नगदेबाली र फलफुल सखाप गरिदिने गरेको साँढेले हाल कतिपय सर्वसाधारणमाथी आक्रमण गर्दै घाईते समेत बनाउन थालेपछि बाली र वडावासीलाई जोगाउन प्रजिअसँग सहयोग माग्न आएको बताए।

# निजगढ विमानस्थल निर्माणको काम रोकिँदैन : मन्त्री आले

काठमाडौँ, ४ फागुन (रासस)।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले बाराको निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको कुनै हालतमा पनि नरोकिने बताउनुभएको छ।

बाराको निजगढमा रिपोर्टस् क्लबले आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री आलेले निजगढमा निर्माण गर्ने अन्तर्राष्ट्रिय विमानस्थलको काम अब चाँडै सुरु हुने बताउनुभयो।

उहाँले भन्नुभयो, "विमानस्थलको धावनमार्ग बनाउने क्षेत्रमा पर्ने टाङिया क्षेत्रका नागरिकलाई उचित व्यवस्थापन गर्ने र विमानस्थलको काम सुरु गराउनेछौँ।" निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्नका लागि विभिन्न दलका शीर्ष नेता, मन्त्रीसहित नेपाल नागरिक उड्डयन प्राधिकरणका प्राविधिकसहितका कर्मचारीले अनुगमन गरेकाले विमानस्थल निर्माणको काम चाँडै अगाडि बढाइने पत्रकार सम्मेलनमार्फत उहाँले जानकारी दिनुभयो।

सोही पत्रकार सम्मेलनमार्फत मन्त्री आलेले निजगढ विमानस्थलको काम सरकारले तोकेको स्थानीय तहको निर्वाचनभन्दा अगाडि नै सुरु हुनेसमेत जिकिर गर्नुभयो। पत्रकारले सोधेका प्रश्नको जवाफमा मन्त्री आलेले भन्नुभयो, "निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि डिपिआर तयार भइसकेको छ, सबैको साथ र सहयोग भए हामी हाम्रो काम चाँडै सुरुआत गर्नेछौँ।"

यसैगरी मन्त्री आलेले सरकारले जिटुजीलगायत अन्य क्षेत्रबाट रकम लिएर भए पनि निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको काम सुरु गर्ने बताउनुभयो। निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि पाँच गठबन्धन दलको पनि सहमति भएकाले यहाँ जसरी भए पनि विमानस्थल निर्माणको काम सुरु हुने मन्त्री आलेले विश्वास व्यक्त गर्नुभयो।

काठमाडौँ पछिको दोस्रो ठूलो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ भएकाले प्रधानमन्त्री शेरबहादुर देउवा, अर्थमन्त्री जनार्दन शर्मासँग निर्माणका लागि चाहिने आवश्यक बजेटका लागि व्यवस्था हुने भन्ने कुरा भइसकेकाले गुरुयोजना तयार भएको र अब चाँडै काम सुरु हुने मन्त्री आलेले बताउनुभयो। निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि यहाँको जीतपुर सिमरा उपमहानगरपालिका-१६ टाङियाबस्ती पुनःस्थापना गर्नुपर्ने मुख्य काम रहेकाले यहाँको बस्ती स्थान्तरणको काम चाँडै सम्पन्न गरिनुपर्ने स्थानीयवासीको माग रहेको छ।

# एमसीसी टेबुल गर्न सहमति जुटेन

काठमाडौँ, ४ फागुन (रासस)।

प्रतिनिधिसभाको बुधबारको बैठकमा अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) सम्झौता टेबुल नहुने भएको छ।

उक्त प्रस्तावलाई कार्यसूचीमा राख्ने/नराख्ने विषयमा सभामुख अग्निप्रसाद सापकोटाको अध्यक्षतामा कार्यव्यवस्था परामर्श समितिको बैठकमा सत्ता गठबन्धनभित्रै दुई थरी मत आएपछि बुधबार पेस नगर्ने स्थिति बनेको सङ्घीय संसद् सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेले जानकारी दिनुभयो।

नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) का नेताहरुले यस प्रकारको राष्ट्रिय विषयमा प्रमुख प्रतिपक्षी नेकपा (एमाले) लाई सहमति नलिई अघि नबढ्ने विगतको अभ्यासलाई ध्यानमा राखेर निर्णयमा पुग्नुपर्ने बताउनुभएको थियो। प्रतिपक्षलाई विश्वासमा लिएर नजाँदा लोकतन्त्र 'डिरेल' हुने उहाँहरुको तर्क थियो।

नेपाली कांग्रेसतर्फबाट गृहमन्त्री बालकृष्ण खाँण र कानुन, न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडू लगायतले सो प्रस्ताव पेस गर्नुपर्ने अडान राख्नुभएको थियो। बैठकमा प्रमुख प्रतिपक्ष नेकपा (एमाले) भने अनुपस्थित रहेको थियो।

# एमसीसी पक्षमा र्‍याली

काठमाडौँ, ४ फागुन (रासस)।

अमेरिकी सहायता परियोजना (एमसिसी) को विपक्षमा नयाँ बानेश्वरस्थित संसद् भवनअगाडि प्रदर्शन भइरहँदा यसको समर्थनमा पनि राजधानीमा बुधबार प्रदर्शन गरिएको छ।

स्वतन्त्र नागरिक समाजको आयोजनामा बुधबार अनामनगरबाट सुरु भएको मोटरसाइकल र्‍यालीले माइतीघरमण्डलालगायत विभिन्न स्थानको परिक्रमा गरेको थियो। र्‍यालीले एमसिसी नेपालको विद्युत् विकासको मेरुदण्ड रहेको र विकासमा राजनीति नगर्न माग गर्दै र्‍यालीका सहभागीले 'वेलकम एमसिसी' लेखिएको ब्यानरसहित प्रदर्शन गरेका थिए।

सरकारले बुधबार संसद्मा एमसिसी अनुमोदनका लागि पेस गर्ने भन्ने सूचनाका आधारमा विभिन्न राजनीतिक दल समर्थित नेता तथा कार्यकर्ता प्रदर्शनमा उत्रिएका हुन्। पक्ष र विपक्षमा गरिएका विरोध प्रदर्शनका कारण बुधबार राजधानीको यातायात सेवा केही प्रभावित भएको छ।

# पम्प कनालमा पुरुष मृत फेला

**दैनिक समाचारदाता**
**राजविराज, ४ फागुन।**

सप्तरीको हनुमानगर कंकालिनी नगरपालिकामा बुधबार साँझ एक पुरुष मृत अवस्थामा फेला परेका छन्।

सो नगरपालिका वडा नं. १ स्थित कोशी पम्प कनालमा मृत भेटिएका पुरुषको छेउमा साइकल समेत फेला परेको प्रहरीले जनाएको छ।

अन्दाजी ३५/३७ बर्षको उक्त पुरुषको शव पश्चिमी नहर भएर कोशीतर्फ बग्ने पम्प कनालमा फेला परेको इलाका प्रहरी कार्यालय भारदहले जनाएको छ।

प्रहरीका अनुसार हालसम्म मृत पुरुषको पहिचान खुल्न नसकेको तथा शवसँगै साइकल समेत फेला परेकोले घटना वा दुर्घटना हो भन्ने बारे अनुसन्धान भइरहेको छ।

मृतकको शव परिक्षणका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा पठाइएको र यता घटना बारे सुक्ष्म अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

कोभिड संक्रमणबाट सचेत रहौं
➢ कोरोना संक्रमणको जोखिम कायमै छ।
➢ यसले कुनैपनि बेला महामारीको रूप लिन सक्दछ।
➢ तत्काल कोरोना विरुद्धको खोप लिऔं।
➢ जमघट तथा भीडभाडमा नजाऔं।
➢ अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*